नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

प.सं. ०७८/०७९

## नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरको अत्यन्त जरुरी सूचना ।।

मितिः २०७८।०९।२८

कञ्चनपुर जिल्लामा कोभिड-१९ र सो को नयाँ भेरियन्ट ओमीक्रोनको संक्रमण जोखिमको वर्तमान अवस्थाको विश्लेषण गरी कोभिड-१९ र ओमीक्रोनको संक्रमण, रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन कोभिड १९ संकट व्यवस्थापन समन्वय केन्द्र (सिसिएमसिसि), जिल्ला कोभिड-१९ व्यवस्थापन समितिको मिति २०७८।०९।२८ गतेको बैठकको निर्णयको सिफारिश एवं गृह मन्त्रालयको मिति २०७८।०९।२६ गतेको निर्णय, संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) ले दिएको अधिकार समेतको प्रयोग गरी यस जिल्ला भर मिति २०७८।०९।२८ गते राती १२:०० बजे देखि लागू हुने गरी अर्को व्यवस्था नभएसम्मका लागि देहाय बमोजिम आदेश जारी गरिएको छ।

१. सार्वजनिक स्थलहरुमा २५ जना भन्दा बढी भेला हुने गरी जुलुस, धर्ना, भेला, महोत्सव तथा सामाजिक कार्यहरु आयोजना नगर्ने, नगराउने।
२. घर बाहिर वा सार्वजनिक स्थलमा निस्किदा मास्कको अनिवार्य प्रयोग गर्ने, समय समयमा साबुन पानीले हात धुने, स्यानिटाइजरको प्रयोग गर्ने भौतिक दुरी कायम गर्ने जस्ता स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गर्ने, गराउने।
३. उद्योग, व्यापार तथा व्यवसायिक गतिविधि सञ्चालन गर्दा माथि उल्लेख भए अनुसारका स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गर्ने, गराउने।
४. सार्वजनिक स्थानहरु (कार्यालय, होटल, रेष्टुरेन्ट, सिनेमा हल, रंगशाला, पार्क,आदि) मा प्रवेश गर्दा यही माघ ७ गते देखि कोभिड-१९ विरुद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटो भए पनि हुने) साथमा राख्ने र ति निकायहरुले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था गर्ने।
५. यही माघ ७ गते देखि जिल्ला भित्रका सबै सार्वजनिक निकायमा सेवा प्राप्त गर्न खोप कार्ड (मोवाइल फोटो भए पनि हुने) अनिवार्य गर्ने।
६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८।०९।२६ गतेको निर्णय तथा सूचना अनुसार आधारभूत तथा माध्यमिक विद्यालयहरुले २०७८ माघ १५ गते सम्म भौतिक उपस्थितिमा पठन पाठन सञ्चालन नगर्ने, नगराउने
७. विश्वविद्यालय, र शैक्षिक प्रतिष्ठानका पूर्व निर्धारित सेमेष्टर र वार्षिक परीक्षाहरु जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरु पालना हुने गरी जेड आकारमा बस्ने व्यवस्था गरी सञ्चालन गर्ने। परीक्षा केन्द्रमा स्वास्थ्यका मापदण्ड अनिवार्य गर्ने।
८. जिल्ला स्वास्थ्य कार्यालयले स्थानीय तहहरुसँगको समन्वयमा सबै विद्यालयमा १२ देखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरुलाई कार्यतालिका बनाई यथाशिघ्र कोभिड-१९ विरुद्धको खोप लगाउने।

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

प.सं. ०७८/०७९

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

९. जिल्ला भित्रका सरकारी, निजी स्वास्थ्य संस्था र स्थानीय तहले विगतमा सञ्चालन गरेका कोभिड-१९ उपचार तथा आइसोलेशन केन्द्रलाई सञ्चालनमा ल्याउन मिल्ने गरी दुरुस्त अवस्थामा राख्ने ।

१०. निजी तथा सार्वजनिक सवारी साधनहरुमा स्वीकृत सिट क्षमता भन्दा बढी संख्यामा यात्रु नराख्ने, सबैले मास्क अनिवार्य लगाउनु पर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, मास्क नलगाउने यात्रुलाई सवारी साधनमा प्रवेश नदिने ।

११. औषधि लगायत अत्यावश्यक बस्तु, खाद्यान्न तथा दैनिक उपभोग्य बस्तु तथा सेवाको आपुर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यबृद्धि गर्ने, वा लुकाउने वा सहज आपुर्तिमा अवरोध गर्ने उपर कानून बमोजिम कारवाही हुनेछ ।

१२. कोभिड-१९ सम्बन्धी आदेशको प्रभावकारी पालना सम्बन्धमा सम्बन्धित व्यवसायका छाता संगठनहरुले तत् तत् क्षेत्रको अनुगमन गर्ने । स्थानीय तह तथा सुरक्षा निकायबाट नियमित तथा आकस्मिक अनुगमन गरिने छ । अनुगमनका क्रममा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना नगर्नेलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

२०७८/०९/२८

रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी